# निर्धन उत्थान बैंक लिमिटेड को

## १९ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रकाशित मिति: २०७४/०९/०५

यस बैंकको सञ्चालक समितिको मिति २०७४/०९/०४ गतेको निर्णय अनुसार निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल र निर्णय गर्नको लागि बैंकको १९ औं वार्षिक साधारणसभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लेखित सभामा उपस्थित भई दिनु हुन अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**१. मिति, स्थान तथा समय:**

मिति : २०७४ पौष २९ गते शनिबार (तद्नुसार १३ जनवरी, २०१८)

स्थान : Celebration Banquet, पार्टी प्यालेस, नक्साल, काठमाण्डौ (बैंकको केन्द्रीय कार्यालय संगै)

समय : बिहान १०:०० बजे

**२. छलफलका विषयहरु:**

**क. सामान्य प्रस्ताव:**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७३/०७४ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३) संचालक समितिले प्रस्ताव गरेबमोजिम बैंकको मिति २०७४ आषाढ मसान्तको चुक्ता पूँजी रु. ६०,००,००,०००। (साठी करोड) को १४।०४ (चौध दशमलव शुन्य चार) प्रतिशतले हुन आउने रु. ८,४२,१०,२६। नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिश माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (ख) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हाल बहालवाला लेखापरीक्षक श्री एनबिएसएम एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस, नारायणचौर, नक्साल, काठमाण्डौले लगातार ३ वर्ष लेखापरीक्षण गरी सक्नु भएको छ ।)

**ख. विशेष प्रस्ताव:**

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले व्यवस्था गरेबमोजिम बैंकको नाम परिवर्तन गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२) बैंकको पूँजी संरचना परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत कायम गर्ने: बैंकको हाल कायम संस्थापक शेयरधनीहरु मध्ये विदेशी शेयरधनीले धारण गरेको संस्थापक शेयर बाहेक बाँकी संस्थापक शेयरलाई समानुपातिक रुपमा सर्वसाधारण शेयरमा रुपान्तरण गरी बैंकको शेयर स्वामित्व संस्थापक शेयरधनीहरुमा ७० प्रतिशतबाट ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीहरुको ३० प्रतिशतबाट ४९ प्रतिशत शेयर स्वामित्व कायम गर्ने ।)

३) बैंकको अधिकृत पूँजी रु. १०० करोडबाट वृद्धि गरी रु. २०० करोड पुऱ्याउने ।

४) संचालक समितिबाट सिफारिश तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृती भए बमोजिम आ.व. २०७३/०७४ को मुनाफाबाट हाल कायम बैंकको चुक्ता पूँजीको ६६।६७ (छैसठ्ठी दशमलव छ सात) प्रतिशतले हुन आउने रु. ४०,००,००,०००। (अक्षरुपी चालिस करोड) बराबरको बोनश शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

५) बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

६) बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने, (नाम परिवर्तन, अधिकृत, जारी र चुक्ता पूँजी वृद्धि गर्ने, संस्थापक समूहको शेयर स्वामित्वमा परिवर्तन गर्ने, संचालकहरुको सुविधामा वृद्धि गर्ने)

७) बैंकको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने, प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा घटबढ, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

ग. विविध ।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

### साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. १९ औं वार्षिक साधारणसभा प्रयोजनका लागी बैंकको शेयर दाखिला खारेजको काम मिति २०७४/०९/१४ देखि २०७४/०९/३० गते सम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिडिएससी एण्ड क्लियरिङ लिमिटेडमा मिति २०७४/०९/१३ गते सम्म कारोबार भई २०७४/०९/२१ गते सम्म यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुनेछन ।

२. वार्षिक साधारणसभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र वा बैंकको शेयर अभौतिकिकरण गरेको विवरण देखिने DEMAT Account Statement साथमा लिएर आउनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

३. शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने उन्नाइसौं वार्षिक साधारण सभाको प्रतिवेदन यस बैंकको वेबसाइट www.nirdhan.com.np मा पनि हेर्न सकिनेछ । कुनै कारणले प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीज्यूहरुले यस बैंकको केन्द्रीय कार्यालय संगै दक्षिण तर्फ रहेको Celebration Banquet, पार्टी प्यालेस, भगवतीबहाल, नक्साल, काठमाण्डौको सभास्थलमा सभा हुने दिन प्राप्त गर्न सक्नुहुनेछ ।

४. साधारणसभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालय, भगवतीबहाल नक्साल, काठमाण्डौमा साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधीभित्र बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ ।

५. प्रतिनिधि नियुक्ति गरिसक्नुभएको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यसो प्रोक्सी बदर हुनेछ ।

६. नाबालक वा विक्षिप्त शेयरधनीहरुज्यूका तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७. शेयरधनीज्यूहरुबाट व्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८. शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

९. अन्य थप जानकारीका लागि बैंकको केन्द्रीय कार्यालय, भगवतीबहाल नक्साल, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**निर्धन उत्थान बैंक लिमिटेड**
केन्द्रीय कार्यालय: भगवतीबहाल, नक्साल, काठमाण्डौ, नेपाल
फोन नं.: ९७७-१-४४१३७११, ४४१३८४०